

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २३२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ भदौं २० गते सोमबार ❑ 5 Sept. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## भूमिहीनलाई चुनावी भोट बैंक बनाउने पुर्जाको दूषित राजनीति अन्त्य गर्छौं : मन्त्री श्रेष्ठ

पोखरापत्र संवाददाता

पोखरा, १९ भदौं

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री शशि श्रेष्ठले सरकारले वास्तविक सुकुम्बासीलाई भूमि प्रदान गरी छाड्ने बताउनुभएको छ।

राष्ट्रिय भूमि आयोग जिल्ला समिति कास्कीले आइतबार पोखरामा आयोजना गरेको जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण कार्यक्रममा उहाँले वर्तमान सरकार भूमिहीनका पक्षमा रहेको र संविधानको भावनाअनुसार सबै सुकुम्बासीलाई जग्गा दिलाई छाडिने स्पष्ट पार्नुभयो।

उहाँले भन्नुभयो, "अबका दिनमा भूमिहीनलाई भोट बैंकका रुपमा प्रयोग गरेर पुर्जाको राजनीति गरेर हामी जग्गाधनी पुर्जा दिन्नौं, हाम्रो दललाई भोट देऊ भन्ने दूषित राजनीतिलाई सदाका लागि अन्त्य गर्न चाहन्छौं ।" नेपाली जनताले संविधानप्रद्धत्त आफ्ना हकअधिकार उपयोग गर्ने जनताका नैसर्गिक मान अधिकारलाई राज्य वा सरकारले उपलब्ध गराउनु सरकारको दायित्व र कर्तव्य रहेको मन्त्री श्रेष्ठले उल्लेख गर्नुभयो । सुकुम्बासी समस्या



समाधान गर्ने भनेर समिति वा आयोगका नाममा २२ वटा भूमिसँग जोडिएका समिति बन्दासमेत भूमिहीनको समस्या यथावत् रहे पनि वर्तमान सरकार गठनपछि जग्गाधनी पुर्जा वितरण सुरु भएको मन्त्री श्रेष्ठले बताउनुभयो । संविधानमा लिपिबद्ध नागरिक हकअधिकारलाई नागरिकले वास्तविकरूपमाआफ्नोजीवनमा अधिकार प्राप्त गर्नसके मात्र परिवर्तनको अनुभूति हुने भएकाले वर्तमान गठबन्धन सरकार सोका लागि प्रतिबद्ध रहेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "जुन दल र दलका अध्यक्षले मलाई मन्त्रालयको जिम्मेवारी दिएर सरकारमा पठाउनुभयो, सो दलका नेताका अनुसार हामीले दशकौंदेखिको उठाउँदै आएको भूमिहीन दलित र भूमिहीन सुकुम्बासीका हकअधिकार उपयोग गर्नका लागि एकछिन पनि ढिलाइ गर्ने छुट मलाई छैन ।" राष्ट्रिय भूमि आयोगका केन्द्रीय अध्यक्ष केशव निरौलाले आयोगले स्थानीय सरकारसँग मिलेर देशभर भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीका समस्या समाधानका लागि काम गरिरहेको बताउनुभयो । आयोगका केन्द्रीय उपाध्यक्ष एवं प्रवक्ता नहेन्द्र खड्काले आयोगले छिटोभन्दा छिटो लालपुर्जा प्राप्त गर्ने विधि तय गरेको र चुनावी आचारसंहिता लाग्नुअघिसम्म पुर्जा वितरण कार्यक्रम देशभर सञ्चालन गरिने बताउनुभयो । गण्डकी प्रदेशका भूमि व्यवस्था, कृषि सहकारी तथा गरिबी निवारणमन्त्री चन्द्रबहादुर बुढाले भूमिहीनका समस्या समाधानका लागि प्रदेश सरकारसँगसमेत सहकार्य गरेर काम गर्दा प्रभावकारी हुने उल्लेख गर्नुभयो । कार्यक्रममा जिल्लाका ३९ जनालाई जग्गाधनी दर्ता पुर्जा वितरण गरिएको छ।

जग्गाधनी पुर्जा प्राप्त गर्नेमा एक जना अव्यवस्थित बसोबासी र बाँकी भूमिहीन दलित र भूमिहीन सुकुम्बासी छन् । विगतमा कित्ताकाट भएर अन्य काम बाँकी रहेकालाई आयोगको जिल्ला कार्यालयले अधुरो अपूरोअन्तर्गत रातो पुर्जा दिएको र पुर्जा वितरण निरन्तर सञ्चालन हुने राष्ट्रिय भूमि आयोग कास्कीका अध्यक्ष गङ्गा पोखरेलले बताउनुभयो। उहाँका अनुसार आयोगमा पोखरा महानगरपालिकामा भूमिहीन दलित तीन हजार पाँच सय ५३, भूमिहीन सुकुम्बासी चार हजार एक सय ८३ र अव्यवस्थित बसोबासी ११ हजार आठ सय ९८ परिवारको लगत सङ्कलन भएको छ । जिल्लाका अन्य पालिकामा भने आगामी असोज ४ गतेसम्म निवेदन दिने समयसीमा रहेको बताइन्छ।

## प्रदेशको आन्तरिक श्रोत बृद्धि गर्न मन्त्री बरालको सुझाव

पोखरापत्र संवाददाता

पोखरा, १९ भदौं

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले प्रदेशको आन्तरिक श्रोत बृद्धि गर्न सबै कार्यालयहरुको ध्यान केन्द्रित हुनुपर्ने बताउनु भयो।

अर्थ मन्त्रालयले आइतबार कावासोती नगरपालिकाको सभाहलमा आयोजना गरेको बजेट कार्यान्वयन र आर्थिक अनुसासन सम्बन्धमा जिल्ला स्थित कार्यालयहरुसंग अन्तरक्रिया एवं छलफल कार्यक्रममा बोल्दै मन्त्री बरालले उक्त कुरा बताउनु भएको हो । प्रशासनिक खर्च कटौती गर्दै अत्यावसेक क्षेत्रमा सिमित श्रोतसाधनको बाबजुत आएको बजेट कार्यान्वयन गर्न उहाँले कर्मचारीलाई निर्देशन दिनुभयो । गण्डकी प्रदेश सरकारले प्रगतीशिल कर सिद्धान्तको आधारमा करको दायरा बिस्तार गरी हुनेहरुसंग केही बढी कर संकलन गर्ने लक्ष्य राखिएको बताउनु भयो । मठ, मन्दिर, सामुदायिक भवनहरु भन्दा सेवा प्रदायिक कार्यालयहरुमा भौतिक पूर्वाधार निर्माणमा जोड दिनुपर्ने मन्त्री बरालको भनाई थियो । राजनीतिक क्षेत्रसंग प्राविधिक क्षेत्र लाचार भएको मन्त्री बरालले बताउनु भयो । गण्डकी प्रदेश सभाका सांसद एवं कागेंसकी सचेतक ओमकला गौतमले तीन तहका सरकार बिचको समन्वय सहकार्य हुन नसकेर हाल बहस चलेको बताउनु भयो । जनताका माग अनुसार साना योजना परेको उहाँको भनाई थियो। समन्वय नहुदा केही कार्यक्रम दोहोरीने गरेको सांसद गौतमले जनाउनु भयो। नवलपुरका प्रमुख जिल्ला अधिकारी सुमन घिमिरेले ५ बर्षमा पनि प्रदेशको आफ्नो क्षेत्राधिकार प्रष्ट नहुनु बजेट कार्यान्वयनमा समस्या भएको बताउनु भयो । अर्थ सचिव बिष्णु प्रसाद शर्माले प्रदेश निजामति कर्मचारी ऐन आएसंगै कर्मचारी ब्यबस्थापन गर्न सकिने बताउनु भयो । राजश्व बृद्धि जुन रुपमा गर्न सक्छौं सोही अनुसार भौतिक पूर्वाधार विकासमा बजेट विनियोजन गर्न सकिने उहाँले बताउनु भयो। नवलपुरको पुर्वाधार विकास कार्यालयका प्रमुख ई.रविन्द्र तिवारीले कर्मचारी अभाव, टुक्रे योजना, तीन तहका सरकार बिच समन्वयको अभाव, पिएलएमबीएसमा केही योजना छुटेको, सवारी साधन अभाव, जनता आवासा कार्यक्रम स्थानिय तहबाट गर्दा प्रभावकारी हुने बताउनु भयो । पहिलो चौमासिकमा ४ करोडको आर्थिक दाहित्व सृजना हुने उहाँले बताउनु भयो। जलश्रोत तथा सिंचाई डिभिजन कार्यालय नवलपुरका प्रमुख ई. मिलन पौडेलले नवलपुरमा ३४ हजार २ सय ६९ हजार हेक्टर जमिन सिंचाई योग्य क्षेत्रफल भए पनि हाल ८ हजार ६ सय ३ हेक्टर मात्र जमिन सिंचित भएको बताउनु भयो । डिभिजन वन कार्यालय नवलपुरका प्रमुख मोहनराज काफ्लेले जग्गा प्राप्ती, तराई पहाड, सालको जंगल सम्बन्धि ऐन संशोधन गर्नुपर्ने सुझाव दिनु भयो । आधुनिक प्रविधिका मेसिन आवश्यक भएको बताउदै उहाँले ८२ हजार हेक्टर वन क्षेत्र रहेको उहाँले उल्लेख गर्नु भयो।

मन्त्रालयका राजश्व अधिकृत गिता घिमिरेले बजेट कार्यान्वयनको मुख्य ऐन विनियाजन ऐन भएको बताउनु भयो । एक मन्त्रालयबाट अर्को मन्त्रालयमा १० प्रतिशत मात्र रकमान्तर गर्न सकिने, बहुबर्षीय योजनाको बजेट अन्य शिर्शमा रकमान्तर गर्न नमिल्ने बताउनु भयो। मन्त्रालयका महाशाखा प्रमुख एवं उपसचिब बसन्तराज तिवारीले जिल्ला र प्रदेश बिच जोड्न उक्त कार्यक्रम गत बर्ष देखि सुरुवात भएको बताउनु भयो । आर्थिक ऐन र विनियोजन ऐन समेत बजेट कार्यान्वयनमा ध्यान दिन उहाँले आग्रह गर्नु भयो । यस बर्षको जिल्लागतमा नवलपुरबाट सुरुवात भएको शाखा अधिकृत केशव सुवेदीले बताउनु भयो। कावासोती नगरपालिकाका मेयर बिष्णुप्रसाद भुषालको अध्यक्षतामा सम्पन्न भएको थियो।




# नेपाली कांग्रेस गण्डकी प्रदेश कार्यसमिति वैठकबाट बिभिन्न निर्णय

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ भदौं**

नेपाली कांग्रेस गण्डकी प्रदेश कार्यसमितिको वैठक प्रदेशका सभापति शुक्रराज शर्माको सभापतित्वमा आइतवार सम्पन्न गरेको छ।



आसन्न निर्वाचनमा गण्डकी प्रदेशलाई नेपाली कांग्रेसलाई सबै तहमा जिताउनको लागि कसरी अगाडि बढाउने भन्ने बिषयमा गम्भीर छलफल भएको प्रवक्ता माधब प्रसाद बास्तोला "मधु"ले जानकारी दिएका छन् । त्यसैगरि नेपाली कांग्रेसमा योगदान पुऱ्याएका व्यक्तिहरुलाई सम्मान गर्ने हेतुले ३० लाखको अक्षयकोष स्थापना गर्ने निर्णय गरिएको उनले बताए।

भदौ २४ गते विपी जयन्तिको अवसरमाविपी स्मृती पुस्तकालय र सुचना सञ्चार तथा प्रचार प्रसार बिभागको कक्ष समेत उद्घाटन गर्ने निर्णय गरेको बताइएको छ।

यसैगरि केन्द्रीय कार्यालयको परिपत्र अनुसार गण्डकी प्रदेशका ११ जिल्लाबाट राय सहित सिफारिस भइ आएका प्रतिनिधि सभाका प्रत्यक्ष तथा समानुपातिक र प्रदेश सभाका प्रत्यक्ष र समानुपातिक आकांक्षी उम्मेद्वार सबैको नामका विषयमा छलफल गरिएको छ। आकांक्षी सबैको नामावलीमा आवश्यक राय तय गर्न प्रदेशका पदाधिकारीलाई जिम्मा दिने बैठकले निर्णय गरेको प्रवक्ता बास्तोलाले जानकारी दिएका छन् । उक्त वैठकमा नेपाली कांग्रेसका केन्द्रीय सदस्य शंकर भण्डारीको ममतामयी माता दमयन्ती भण्डारीको ९६ वर्षको उमेरमा असामयिक निधन भएको हुँदा नेपाली कांग्रेस गण्डकी प्रदेशले गहिरो शोक व्यक्त गरेको गण्डकी प्रदेश सदस्य एवं प्रचार विभागका उपप्रमुख शिरोमणी वरालले पोखरापत्रलाई वताए ।

# यमाहा एफआई माइलेज च्यालेन्ज

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ भदौं**

भिएडब्लु इन्टरप्राइजेजको आयोजनामा शनिबार पोखरामा यमाहा जेडआर एफआई स्कुटरको माइलेज च्यालेन्ज भएको छ।




पेट्रोलको मूल्य बढीरहेका बेला कम्पनीले जेडआर एफआई स्कुटरको माइलेज प्रतिकिलोमिटर ५८ किमी दाबी गरिरहेको छ । कम्पनीले दाबी पुष्टि भएको प्रकाश पार्न माइलेज च्यालेन्ज आयोजना गरेको हो । ४० जनाको सहभागिता रहेको माइलेज च्यालेन्ज पोखराको हेमजामा रहेको रिभर भ्याली रिसोर्ट पुगेर समापन भयो । यस पटकको च्यालेन्जमा श्यामप्रसाद पोखरेल विजेता बने । उनले प्रतिलिटर ७१.७७ किमी दौडाए। प्रतिलिटर ७१.७२ किमी दौडाउने अर्जुनबहादुर मगर दोस्रो बने भने ७०.८२ प्रतिलिटर दौडाउने जेनिशा ध्वजू तेस्रो बनिन् ।

यो स्कुटर माइलेजलाई ध्यान दिएर बजारमा ल्याइएको हो । कम्पनीले भदौ १९ देखि असोज २४ गतेसम्म पोखरा रंगशालामा महामेला आयोजना गरेको भिएडब्लुका म्यानेजर सुरेन्द्र रेग्मीले जानकारी दिए । मेलामा ग्राहकले दसैं स्किम पाउने उनले बताए।

# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान अब्बल बन्दै : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ भदौं**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान अब्बल बन्दै गएको बताउनुभएको छ । आइतबार शाखा अधिकृतस्तरका कर्मचारीको सेवाकालीन तालिमको सुरुआत कार्यक्रममा उहाँले प्रतिष्ठानको छुट्टै महत्व रहेको बताउनुभयो।

प्रतिष्ठानले आइएसओ प्रमाणपत्र पनि प्राप्त गरिसकेको छ । मुख्यमन्त्री पोखरेलले आज नै आइएसओ प्रमाणपत्र सार्वजनिक गर्नुभयो । प्रमाणपत्रले अरु प्रदेशको प्रतिष्ठानभन्दा गण्डकी अब्बल रहेको उहाँले सुनाउनुभयो। यहाँ बनेको पाठ्यक्रम अन्य प्रदेशका प्रशिक्षण प्रतिष्ठानले प्रयोग गरेकाले सुरुआती समयमा नै फरक खालको क्षमता प्रदर्शन गर्न सफल भएको उहाँको भनाइ थियो। प्रदेश सरकार केन्द्र सरकारसँगको अधिकारको लडाईंमा काम गरिरहे पनि प्रतिष्ठानले प्रदेशलाई चिनाउने काम गरेकामा उहाँले खुसी व्यक्त गर्नुभयो । आगामी दिनमा अझै राम्रा काम गर्नका लाग मुख्यमन्त्री पोखरेलले सुझाव दिनुभयो । कार्यक्रममा गण्डकीका प्रमुख सचिव रविलाल पन्थ र प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा रघुराज काफ्लले प्रदेशलाई चिनाउने काममा प्रतिष्ठानले पुलको काम गरिरहेको बताउनुभयो । सोही अवसरमाप्रतिष्ठानलेअन्तरतहसम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक गरेको थियो। प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेले स्थापनाको ३१ महिनामा प्रदेश र स्थानीय सरकारको पुलका रूपमा काम गरेको बताउनुभयो। विषेशगरी प्रतिष्ठानले प्रदेश र स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीलाई तालिम दिएको उहाँले जानकारी दिनुभयो । पहिलो वर्ष चार हजार नौ सय २७ र दोस्रो वर्ष छ हजार आठ सय ८७ जना कर्मचारी तथा जनप्रतिनिधि प्रशिक्षित भएको उहाँले बताउनुभयो।

# पोखरा यातायात पत्रकारिता पुरस्कारबाट पत्रकार अथक पुरस्कृत

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ भदौं**

पोखरा यातायात व्यवसायिक पत्रकारिता पुरस्कार २०७९ बाट पोखराका पत्रकार कमल पौडेल अथक पुरस्कृत भएका छन् । पोखरा यातायात प्रालिको चौथो साधारण सभाको अवसरमा उनलाई सो पुरस्कार प्रदान गरिएको हो।

पुरस्कारको राशी नगद रु २५ हजार, दोसल्ला र सम्मान पत्र रहेको छ। अथक विगत दुइ दशक भन्दा बढी पोखराको पत्रकारितामा कृयाशील रहेका छन् । रेडियो, पत्रिका, टेलिभिजनमा लामो समयसम्म काम गरेका उनी हाल समयदृष्टि अनलाइनको सम्पादक तथा रेडियो सराङ्कोटको समाचार प्रमुख हुन् । उनी नेपाल पत्रकार महासंघको राष्टिय परिषद सदस्य समेत रहेका छन्। पुरस्कार गण्डकी प्रदेशका भौतिक पूर्वाधार तथा यातायात मन्त्री कुमार खड्का, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजय स्वाँर, पोखरा यातायात प्रालिका अध्यक्ष देउप्रसाद गुरुङले हस्तान्तरण गरेका हुन् । पुरस्कृत भएपछि पत्रकार अथकले पुरस्कारले पत्रकारितामा थप जिम्मेवारी थपिएको बताउँदै आगामी दिनमा कलम र आवाज थप सशक्त वनाउँदै लैजाने वताए । सो अवसरमा महिला सहचालकहरु जुना गुरुङ, सोना अधिकारी, पुष्पा नकर्मी र दुर्गा भूजेललाई सम्मान गरिएको छ । त्यसैगरी असल चालकमा गोकुलप्रसाद चौलागाइँ, उत्कृष्ट कर्मचारीमा लक्ष्मीकान्त ढकाल, र व्यवसायी खड्गवहादुर गुरुङलाई सम्मान गरिएको छ।




यसअघि कार्यक्रमको उद्घाटन गर्दै गण्डकी प्रदेशका भौतिक पूर्वाधार मन्त्री कुमार खड्काले यातायातका समस्या चाँडै समाधान हुने वताए। उनले सरकार र व्यवसायीको हातेमालो आजको आवस्यकता भएको टिप्पणी गरे । पोखरा यातायात प्रालिका अध्यक्ष देउप्रसाद गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल यातायात व्यवसायी राष्टिय महासंघका अध्यक्ष बिजय स्वाँर, वरिष्ट उपाध्यक्ष हरिश्चन्द्र केसी, उपाध्यक्ष सरोज सिटौला, ऐनकुमार शाही, गण्डकी प्रदेश संयोजक केदारप्रसाद पौडेल, उपभोक्ता मञ्च कास्कीका अध्यक्ष राजेन्द्र लिगल, यातायात व्यवस्था कार्यालय कास्कीका प्रमुख डिल्लीराम रिजाल, नेपाल पत्रकार महासंघ कास्कीका कार्यवहाक अध्यक्ष रामप्रसाद तिमिल्सिना, पृथ्वीराजमार्ग यातायात कम्पनी प्रालिका अध्यक्ष योगेन्द्र केसी, पूर्व अध्यक्ष वमहादुर गुरुङ, ज्ञानेन्द्र श्रेष्ठ, कृष्णप्रसाद ढुंगाना, नेपाल यातायात स्वतन्त्र मजदूर संगठन गण्डकी अध्यक्ष विष्णुवहादुर केसी, मजदूर अगुवा किरणवावु पन्त, अग्नी खनाल, तीलवहादुर विक, सूर्य गुरुङ, र प्रवन्ध निर्देशक अमृत शर्मा तिमिल्सिना लगायतले वोलेका थिए । साधारण सभाले अध्यक्ष तथा सचिव तथा कोषाध्यक्षको प्रतिवेदन पास गरेको छ।

सो अवसरमा संस्थाले व्यवसायीका परिवारलाई स्वास्थ्य बीमा वापत ५० प्रतिशत भुक्तानी गर्ने निर्णय पारित गरेको कम्पनीका प्रवन्ध निर्देशक अमृत शर्मा तिमिल्सिनाले जानकारी दिएका छन्।

# स्थापना दिवसमा नेपाल निजामती कर्मचारी युनियन वृद्धाश्रममा

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ भदौं**

नेपाल निजामती कर्मचारी युनियन कास्कीले आइतवार स्थापना दिवस मनाएको छ । स्थापना दिवसको अवसरमा पोखरा ३२ स्थित तल्लो गगनगौंडामा रहेको राधाकृष्ण वृद्धाश्रममा सहयोग गरिएको छ । युनियनले वृद्धाश्रमलाई खाद्यान्न सहयोगसँगै वृद्धवृद्धालाई फलफूल वितरण गरेको छ। नेपाली काँग्रेस कास्कीका सभापति किशोरदत्त बराल र युनियनका अध्यक्ष सुरेश कुमार श्रेष्ठले वृद्धाश्रम सञ्चालक समितिका अध्यक्ष प्रेम लिगललाई खाद्यान्न हस्तान्तरण गर्नुभएको थियो । कार्यक्रममा बोल्दै सभापति बरालले युनियन पेशागत विषयसँगै मानवीय सेवासँग पनि जोडिएको बताउनुभयो । उहाँले निजामती सेवालाई प्रभावकारी बनाउन आग्रह गर्नुभयो । नेपाल निजामती कर्मचारी युनियन गण्डकी प्रदेशका अध्यक्ष दीपक रेग्मीले निजामती कर्मचारीले राज्य र नागरिकको सम्वन्ध सुमधुर बनाउने गरी काम गर्नुपर्ने उल्लेख गर्नुभयो । त्यस अवसरमा नेपाली काँग्रेस कास्कीका सहसचिव नवीन सिग्देल, जिल्ला सदस्य गंगाधर पराजुली, बानका केन्द्रीय अध्यक्ष कुमार भट्टराई, पोखरा ३२ का वडा अध्यक्ष अक्कल बहादुर कार्की, युनियनका गण्डकी उपाध्यक्ष अर्जुन गुरुङ, केन्द्रीय सदस्यहरु विश्वराज आचार्य, बद्रि पौडेल, निवर्तमान अध्यक्ष डार्विन लम्साल लगायतले बोल्नुभएको थियो।

# अधिकतम उद्योगी व्यवसायीको समर्थन पवन प्रजापति समूहलाई

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ भदौं**

उद्योगी व्यवसायीहरुको पक्षमा काम गर्ने प्रतिबद्धतासहित उनीहरुको घरदैलोमा पुगिरहेको पवनकुमार प्रजापति सहितको टोलीलाई मतदाताहरुको अधिकतम समर्थन मिलेको छ।



मतदाता उद्योगी व्यवसायीहरुले आफ्नो नेतृत्वको समूहलाई अत्याधिक विश्वास गरेको अध्यक्ष प्रत्यासी प्रजापतिको दाबी छ। आईतबार घरदैलोको क्रममा प्रजापति र उनको समूह प्रस्यांग, जिरोकिलोमिटर, मालेपाटन, मासबार, रत्नचोक, राष्ट्रबैंकचोक, मुस्तांगचोक लगाएतका स्थानमा पुगेर उद्योगी व्यवसायीहरुलाई भेटेर आफ्नो पक्षमा मत मागेका थिए । संघमा क्रमैसँग आएको नेतृत्व र परिस्कृत सौंचसहितको नयाँ पुस्ताका सदस्य पदाधिकारीहरुको उत्कृष्ट समूह भएकोले उद्योगी व्यवसायीहरुले आफ्नो समूहलाई बढि रुचाएको प्रजापतिको दाबी छ । 'हामी जहाँ पनि गैरहेका छौं, त्यहाँ व्यवसायीहरुबाट एकदमै राम्रो प्रतिकृया पाईरहेका छौं।' अध्यक्ष प्रत्यासी पवनकुमार प्रजापतिले भने -'उद्योगी व्यवसायीहरुबाट पाएको माया र सद्भावले हामीलाई अझै बढि जिम्मेवारी बोध गराएको छ।' प्रजापतिले संघको जीवन्तता र उद्योगी व्यवसायीहरुको अभियन्ता बन्ने नारासहित आफूहरु चुनावी मैदानमा होमिएको बताए । हालसम्म करिब ८० प्रतिशत उद्योगी व्यवसायीको घरदैलोमा पुगेर आफ्नो समूहले मत मागिसकेको प्रजापतिले भने । प्रजापति समूहले संघमा आबद्ध उद्योगी व्यवसायीहरुको समस्या हल गर्ने र उद्योग वाणिज्य संघको आर्थिक स्रोत बढाउने कार्ययोजनालाई प्राथमिकतामा राखेर आफ्नो पक्षमा मत मागिरहेको छ । समावेशी कार्यसमिति निर्माण गरेको दाबी गर्ने यो समूहले उद्योग वाणिज्य संघमा निर्वाचित भएर आएसँगै उद्योगी व्यवसायीले तत्काल महशुस गर्ने गरि काम गर्ने प्रतिबद्धता जनाएको छ । प्रजापति समूहले विभिन्न १७ बुंदे घोषणापत्रमा उल्लेख गरिएका प्रतिबद्धताहरुलाई अक्षरश पुरा गर्ने वचन समेत घरदैलोको क्रममा दिएको छ। पोखरा उद्योग वाणिज्य संघको आसन्न ३४ औं महाधिवेशनमा प्रजापति समूहबाट वरिष्ठ उपाध्यक्षमा गोकर्ण कार्की, उपाध्यक्ष उद्योग तर्फ हिरामणी पण्डित, उपाध्यक्ष वाणिज्यतर्फ उत्तममान बुद्धाचार्य, महासचिवमा बलराम आचार्य, कोषाध्यक्षमा दिनेशचन्द्र बाँस्तोला र उपमहासचिवमा शोभा गौतमले उम्मेदवारी दिएका छन् । त्यस्तै सदस्य पदका लागि प्रभा सुवेदी बालकृष्ण कोईराला, विनोद केसी, भीम गौतम, मनोजकुमार श्रेष्ठ, यमनाथ तिमिल्सिना, रामचन्द्र शर्मा, ललित कुँवर, सुदिप ओझा र सुदिप प्रधानांग प्रत्यासी छन्।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रवन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# अधिनायकवादी बाटोमा गठबन्धन

निर्वाचनको घोषणा भइसकेपछि संसदलाई निलम्बन गरेर जानुपर्ने संविधानविद र कानुनविद्का सुझाव लत्याउँदै गठबन्धन सरकारले संसदको कार्यकाल बढाउन लागेको छ । सरकारले यही भदौ १७ गते 'केही नेपाल ऐन संशोधन गर्ने विधेयक २०७९' प्रतिनिधिसभामा पेस गरेको छ । प्रस्तुत विधेयक प्रतिनिधिसभा र प्रदेशसभा सदस्यहरूको कार्यकाल निर्धारण गर्ने उद्देश्यले मात्र सिमित छैन ।अहिलेको गठबन्धनबाट सबै पद कब्जा गर्ने अनैतिक र अलोकतान्त्रिक कदम उठाउन खोजेको छ । प्रस्तुत विधेयकको दफा १३ र १४ मा प्रतिनिधिसभा र प्रदेशसभाको कार्यकाल सम्बन्धी व्यवस्था गरिएको छ । प्रतिनिधिसभा र प्रदेशसभाको पहिलो बैठक बसेको मितिदेखि कार्यकाल सुरु भएको मिति गणना गर्ने गरी यो विधेयक आएको छ । यसरी मिति गणना गर्दा विद्यमान प्रतिनिधिसभा सदस्यहरूको कार्यकाल आगामी फागुन २०, २०७९ मा मात्र सकिन्छ । यसैगरी प्रदेशसभाका सदस्यहरूको कार्यकाल फागुन ७ गतेदेखि २० सम्म कायम रहन्छ ।

यो विधेयक स्पष्टतः राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनलाई मध्यनजर गरी ल्याइएको देखिन्छ । राष्ट्रपति र उपराष्ट्रपति सम्बन्धी ऐन २०७४ सँग सम्बन्धित रहन्छ । राष्ट्रपति र उपराष्ट्रपति सम्बन्धी ऐन २०७४ ऐनको दफा ४ मा राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन निजहरूको कार्यकाल समाप्त हुनुभन्दा एक महिना अगावै गरिसक्नु पर्ने प्रावधान रहेको छ । २०७४ फाल्गुण २९ गते राष्ट्रपतिको निर्वाचन भएको थियो । यस हिसाबले आगामी माघ २९ भित्र राष्ट्रपतिको निर्वाचन गरिसक्नुपर्ने हुन्छ । निर्वाचनको लागि सो ऐनको दफा ३ अनुसार तत्काल कायम भएको सङ्घीय प्रतिनिधिसभा र राष्ट्रियसभा तथा प्रदेशसभाका सदस्यहरू मतदाता हुन्छन् । पुरानो प्रतिनिधिसभा र प्रदेशसभाको अवधि कायम छँदै नयाँ निर्वाचित प्रतिनिधिसभा र प्रदेशसभा सदस्यहरू मतदाता हुने छैनन् । अहिले संसदमा पेस गरिएको विधेयकबाट स्पष्ट हुन आएको छ । नयाँ जनादेश पाएको संघीय प्रतिनिधिसभा र प्रदेश सभाले गठबन्धनका ठालु नेताहरूको सिण्डिकेट तोड्न सक्ने देखेर सबै काम अहिले सक्ने गरि दौडधुप गरेका छन ।

सत्ताधारी गठबन्धनले जतिसुकै चर्का कुरा गरे पनि यसमा सामेल दलहरूलाई मङ्सिर ४, २०७९ हुन गइरहेको निर्वाचनमा जितिन्छ भन्ने विश्वास नभएको कारण यसो गरिएको हुनसक्छ । यसै कारणले गठबन्धन मौजुदा संघीय संसद् र प्रदेशसभा सदस्यहरूको कार्यकाल फागुनसम्म लम्ब्याउन चाहन्छन् । हाल रहेको गठबन्धनको बहुमतकै बलमा नयाँ राष्ट्रपति र उपराष्ट्रपति बनाउन चाहन्छन् । विधेयकले कार्यकाल थप गर्ने विधेयक ल्याउँदा निर्वाचन गर्ने असल मनसाय थियो भने प्रतिनिधिसभा निर्वाचन ऐन २०७४ को दफा १४(२) र प्रदेश सभा निर्वाचन ऐनको दफा १४(२) मा संशोधन समेत गर्ने थियो । सो व्यवस्था अनुसार समानुपातिकको बन्द सूचीमा समावेश भएको व्यक्ति पहिलो हुने निर्वाचित हुने प्रणालीमा उम्मेदवार हुन पाउँदैनन् । दफा ३० ले उम्मेदवारको बन्द सूचीमा नाम समावेश भएको व्यक्तिको मान्य अवधि प्रतिनिधिसभा र प्रदेशसभाको कार्यकाल रहेसम्म हुन्छ ।

यसको मतलब गत २०७४ सालमा बन्द सूचीमा नाम भएका वा समानुपातिक तर्फबाट निर्वाचित व्यक्तिहरू २०७९ को प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचनमा उम्मेदवार हुन पाउँदैनन् । वरिष्ठ अधिवक्ता कानुन मन्त्री र उनको टिमलाई थाहा नभएको होइन । यो निर्वाचन सार्ने र मुलुकमा अस्थिरता कायम गर्ने र राज्यसत्ता कब्जा गर्ने अधिनायकवादी सोचले काम गरेको छ । लोकतन्त्र र जनताको ताजा जनादेशमा होइन अदालतको परमादेशमा चल्ने षड्यन्त्रकारीको कर्तुत भणडाफोर गर्नुपर्छ।त्यसको शुरुआत राप्रपा अध्यक्ष सांसद राजेन्द्र लिङदेनले गरेका छन । काङ्ग्रेसको लोकतान्त्रिक धारमा विश्वास गर्नेहरुले नेतृत्व गरेर अन्य शक्तिलाई पनि अपिल गर्नुपर्दछ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा लाभ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : झमेला बढ्ने | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : मन चञ्चल | कुम्भ | : मानसिक तनाव |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# रिट्ठेपानी डाँडा कटानका लागि ठेक्का आह्वान

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ भदौं**

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल नजिकै रहेको रिट्ठेपानी डाँडा कटानका लागि ठेक्का आह्वान गरेको छ ।

प्रधिकरणका महानिर्देशक प्रदीप अधिकारीका अनुसार उक्त डाँडा कटानका लागि रु ७२ लाखको ठेक्का आह्वान गरिएको छ । ठेक्का प्राप्तिका लागि इच्छुक कम्पनीले आउँदो अक्टोबर ११ सम्ममा दर्खास्त दिनसक्ने र डाँडा कटानको काम आउँदो कात्तिक दोस्रो सातादेखि सुरु हुने नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले जनाएको छ । कम्तीमा पनि एक महिनाको अवधिमा उक्त डाँडा कटानको काम सकिने प्राधिकरणको अनुमान रहेको छ ।

यसैगरी रिट्ठेपानीको १४ मिटर डाँडा कटानको काम सकिएलगत्तै पोखरामा क्यालिब्रेसन फ्लाइटको काम अगाडि बढाउने योजना रहेको महानिर्देशक अधिकारीले बताउनुभयो । प्राधिकरणले डाँडा कटानका लागि रुख कटानको काम पूरा गरिसकेको बताइएको छ । वन तथा वातावरण मन्त्रालयले उक्त डाँडा नजिक रहेका छ सय वटा रुख कटानका लागि स्वीकृति दिएसँगै रुख कटानको काम सकिएको आयोजना प्रमुख विनेश मुनकर्मीले जानकारी दिनुभयो ।

वन तथा वातावरण मन्त्रालयले रुख कटानका लागि दिइएको स्वीकृतीमा काटिएका रुख वन विभागलाई हस्तान्तरण गर्ने सम्झौता भएबमोजिम काटिएका रुखहरू विभागलाई हस्तान्तरण गर्ने तयारी रहेको क्यानका प्रवक्ता जगन्नाथ निरौलाले जानकारी दिनुभयो । रिट्ठेपानी डाँडाको तीन सय ८१ रोपनी क्षेत्रफलमध्ये ८१ रोपनी जग्गा व्यक्ति र तीन सय रोपनी जग्गा सरकारको नाममा रहेको छ । उक्त विमानस्थल चिनियाँ ऋण लगानीमा निर्माण भइरहेको छ । कूल रु २२ अर्बको लागत रहेको यो विमानस्थलमा न्यारोबडी जहाज उडान सञ्चालन हुने भएको छ । क्षेत्रीयस्तरका वायुसेवाहरु यस विमानस्थलमा सेवा सञ्चालनका लागि जोडिने भएका छन् ।

# माओवादी केन्द्रका महासचिव गुरुङ लमजुङबाट सिफारिस

**पोखरापत्र संवाददाता**
**लमजुङ, १९ भदौं**

नेकपा (माओवादी केन्द्र) का महासचिव एवं संसदीय दलका प्रमुख सचेतक देव गुरुङ प्रत्यक्षतर्फ पुनः प्रतिनिधिसभा सदस्यका लागि लमजुङबाट उम्मेदवार सिफारिस हुनुभएको छ । जिल्ला समन्वय समिति लमजुङको आइतबार बसेको दोस्रो पूर्ण बैठकले महासचिव गुरुङको नाम सिफारिस गरेको हो ।

उक्त बैठकले महासचिव गुरुङसँगै प्रत्यक्षतर्फ स्थायी कमिटी सदस्य देवेन्द्र पराजुलीको नाम पनि सिफारिस गरेको छ । माओवादी केन्द्रका महासचिव गुरुङ २०७४ सालको निर्वाचनमा पनि लमजुङबाटै प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको थियो । सो निर्वाचनमा तत्कालीन वाम गठबन्धनका साझा उम्मेदवार गुरुङले ३९ हजार चार सय ६८ मत प्राप्त गर्नुभएको थियो । मनाङको नासों गाउँपालिका-४, ओडारगाउँ घरभई पछिल्लो समय लमजुङ केन्द्रित राजनीति गर्दै आउनुभएका गुरुङको दोस्रो पटक प्रतिनिधिसभाका उम्मेदावर बन्न लाग्नुभएको हो ।

समानुपातिकमा पार्टीका केन्द्रीय सदस्य एवं गण्डकी प्रदेशको स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मधु अधिकारी गुरुङ, ऋषिराम पौडेल र उर्मिला माझीको नाम सिफारिस भएको छ । प्रदेशसभा (क) को प्रत्यक्षतर्फ अधिकारी गुरुङ, मेखबहादुर भण्डारी, हरिजङ तामाङ र होमबहादुर विकको नाम सिफारिस भएको छ । केन्द्रीय सदस्य एवं मन्त्री अधिकारी गुरुङ प्रतिनिधिसभा समानुपातिक र प्रत्यक्षतपर्फ दुवैबाट सिपफारिस हुनुभएको छ । प्रदेश (ख) मा केन्द्रीय सदस्य विमल अधिकारी र जिल्ला सचिव रामचन्द्र पौडेलको नाम सिफारिस भएको छ । बैठकले प्रदेशसभामा समानुपातिकमा जनजाति महिलामा सतिमाया तामाङ, आदिवासी जनजाति पुरुषमा टकराज गुरुङ, दलित पुरुषमा सुनिल सुनार, देवबहादुर गहतराज, खसआर्य महिलामा शोभा थापा, खसआर्य पुरुषमा निराजन कुँवर र दयासागर घिमिरे, अल्पसङ्ख्यकमा नन्दबहादुर कुमाल, दलित महिलामा जुना विक, अजय तामाङ र मुस्लिमतर्फ मोहमद जलालदिन मियाको नाम सिफारिस गरेको छ ।

# पुरुष तथा महिला भलिबलको तयारी पुरा

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ भदौं**

पोखरा भलिबल प्रशिक्षण केन्द्रले आयोजना गर्ने क्लबस्तरीय पुरुष तथा महिला भलिबल प्रतियोगिताको तयारी पुरा भएको छ ।

आगामी २२ देखि २५ गतेसम्म पोखरा नदीपुर छन्त्याल समाजको भलिबल कोर्टमा आयोजना हुने क्लबस्तरीय पुरुष तथा महिला भलिबल प्रतियोगितामा सम्पूर्ण तयारी पुरा भएको आज आयोजित पत्रकार सम्मेलनमार्फत जानकारी दिइएको हो । कार्यक्रम संयोजक मनोज खड्काले सो प्रतियोगिताको विजेता टिमलाई १ लाखसहित शिल्ड, मेडल र प्रमाण पत्र प्रदान गरिने बताए । उनका अनुसार उपविजेता टोलीले ६० हजारसहित शिल्ड, मेडल र प्रमाण पत्र प्राप्त गर्नेछ । यसैगरि महिलातर्फ प्रथम र द्धितिय हुने समुहले क्रमशः ४० हजार, २५ हजार र शिल्ड मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगितामा उत्कृष्ट खेलाडी, उत्कृष्ट स्पाइकर, मिडल ब्लकर, उदीयमान खेलाडी, डिफेन्डर, सेटर र सर्भर घोषित हुने खेलाडीलाईसमेत नगद पुरस्कारको व्यवस्था गरिएको छ ।


## पसल बिक्रीमा

**पृथ्वीचोकमा चालु अवस्थामा रहेको पसुल विशेष कारणवस तु: विक्रीमा छ ।**

**सम्पर्क:**
**९८२७१९९५८६**
**९८१९१७११७८**


# उद्योगी व्यवसायीको भरोसा अर्जुन प्यानल

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ भदौं**



पोखरेली उद्योगी व्यवसायीका छाता संस्था हो, पोखरा उद्योग वाणिज्य संघ । भदौ २४ र २५ गते संघको नयाँ नेतृत्वका लागि ३४ औं महाधिवेसन हुँदै छ । चुनावका लागि छुट्टै प्यानल घोषणा गरेर प्रतिश्पर्धाका लागि तयार रहेका अर्जुन पोखरेल नेतृत्वको प्यानललाई पोखरेली उद्योगी व्यवसायीले आफ्नो भरोसाका रुपमा हेरेका छन् ।

पोखरा ४ का आनन्द ताङ्वे पोखरेल प्यानल पोखरेली उद्योगी व्यवसायीको साझा उम्मेद्वार भएको बताउँछन् । 'व्यवसायीको दुखमा साथ दिने नेतृत्व चाहिएको छ । त्यो टीम पोखरेलले बनाउनुभयो,' उनी भन्छन्, 'अर्जुन आफै पनि व्यवसायीलाई दुख पर्दा साथमा रहने मान्छे हो ।' कोरोनाले व्यवसाय थलिएका बेला पोखरेलले नै पहल गरेर व्यवसायीलाई सामान आयातमा सहजता भएको उनले सम्झिए ।

'अर्जुन काम गर्ने मान्छे हो । भिजन भएको मान्छे हो,' उनले थपे, 'हिजो कोरोनाले दुख परेका बेला धेरै उद्योगी व्यवसायीको हितका लागि काम गर्नुभयो । आगामी दिनमा यस्तै नेतृत्व चाहिएको छ ।' उनी जस्तै महेन्द्रपुल, चिप्लेढुंगा, पन्थीगल्ली, न्यूरोड, पृथ्वीचोकका व्यवसायीहरुले अर्जुन प्यानललाई जितको शुभकामना दिए । आइतबार पोखराको मुख्य बजार महेन्द्रपुल, चिप्लेढुंगा, सिद्धार्थचोक, पन्थी गल्ली, पालिखेचोक, गैह्रापाटन, गणेशटोल, सिद्धार्थचोक, साँघुमुख, न्यूरोड लगायत ठाउँमा अर्जुन प्यानलले घरदैलो गरेको छ ।

व्यवसायीहरुको गुनासो र समस्या सुन्दै मतदातासँग मत मागेका छन् । सक्षम र युवा नेतृत्वले बढी काम गर्ने मतदाताको विश्वास छ । अध्यक्ष पदका उम्मेदवार अर्जुन पोखरेलले उद्योगी व्यवसायीका विश्वास र भरोसा गुम्न नदिने बताए । 'हरेकका सुखदुखमा सँधै सँगै छु । अब पनि सँगै रहन्छु । कसैको विश्वास र भरोसा तोड्दिनँ,' उनले भने, 'हाम्रो टीमले जितेपछि पोखरा उद्योग वाणिज्य संघलाई नयाँ स्वरुपमा स्थापित गरिने छ । सबै व्यवसायी र उद्योगीको साझा संस्थाको रुपमा स्थापित गर्ने छौं ।' अर्जुन प्यानलले पोखराको पूरानो बजारलाई पूरानै स्वरुपमा सजाउने प्रतिबद्धता जनाए । 'पोखरा भनेकै पूरानो बजार हो । यहाँका घरहरु अहिले जीर्ण भएका छन्,' उनीहरुले भने, 'सरकारसँग मिलेर यसलाई पर्यटकीय गन्तब्यका रुपमा विकास गर्नुपर्छ । त्यसको पैरवी हामी गर्छौं ।' पोखराका पूराना हस्तकला व्यवसायलाई पुनः स्थापित गर्ने र पूरानो बजारमा विक्रि केन्द्र बनाउने पोखरेलको योजना छ । अर्जुन प्यानल ८ बुँदे घोषणापत्र सहित चुनावी मैदानमा छ । घोषणा पत्रमा संघलाई सबै पोखरेलीको 'साझा घर' को रुपमा विकास गर्नेदेखि हाल भएको भवन पुनः निर्माणसम्म छ । संघले जनता र सरकारबीचको दुरी घटाउने काम गर्ने, नयाँ लगानी प्रोत्साहनमा ध्यान दिएको छ ।

घोषणा पत्रमा संघले नयाँ उद्यमीहरुलाई सुरुमै विजनेस मेन्टरिङ सेवा प्रदान गर्न स्थानीय व्यापार 'इक्युवेसन सेन्टर' स्थापना गर्ने प्यानलको घोषणा छ । यो प्यानलबाट बरिष्ठ उपाध्यक्षमा हरिहर सापकोटा, उद्योग उपाध्यक्षमा देवेन्द्र केसी, वाणिज्य उपाध्यक्षमा कुमारी मुना बास्तोला, महासचिवमा केशव बहादुर खत्री, कोषाध्यक्षमा हरिराज पन्त र उपमहासचिवमा हर्क बहादुर अधिकारी (मिरज) उम्मेद्वार छन् ।

यस्तै, सदस्यहरुमा भरत केसी, कृष्ण प्रसाद कोइराला, धर्मेन्द्र कुमार बाटाजु, माधव बस्ताकोटी, उदय बहादुर केसी (लाहुरे दाइ), दिलिप कुमार श्रेष्ठ, दुर्गा रन्जित श्रेष्ठ र हिमनिधि लौडारीले उम्मेद्वारी दर्ता गरेका छन् । आफ्नो प्यानल पोखरेली व्यवसायीको हितका लागि निर्माण भएको अध्यक्ष उम्मेद्वार पोखरेल बताउँछन् ।

# लायन्स क्लब अफ पोखरा ब्लु स्काईद्वारा सिद्धबराह तपोवनमा वृक्षरोपण

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ भदौं**

लायन्स क्लब अफ पोखरा ब्लु स्काईले पोखरा २३ स्थित सिद्धबराह तपोबन आश्रममा परिसरमा वृक्षरोपण गरेको छ । क्लबको सामाजिक उत्तरदायित्व अन्तरगत शनिबार वृक्षरोपण गरिएको हो ।

कार्यक्रममा प्रमुख अतिथि लायन्स क्लबका वृक्षारोपण विभाग कास्कीका प्रमुख जगन्नाथ तिमिल्सिनाले हरियाली आवश्यक रहेको हुँदा वृक्षरोपण कार्यलाई प्राथमिकतामा राखेर अगाडी बढिरहेको बताए । साथै वातावरण जोगाउनु हामी सबैको दायित्व भएको समेत तिमिल्सिनाले बताए । त्यस्तै कार्यक्रमको अध्यक्षता गरिरहेका लायन्स क्लब अफ पोखरा ब्लु स्काईका अध्यक्ष कमल सुवेदीले आगामी दिनमा पनि यस्ता कार्यक्रम गरिरहने बताए । साथै विपन्न परिवारका बालबालिकाका लागि शैक्षिक सामाग्री वितरण कार्यक्रम छिट्टै आयोजना गरिने समेत उनले जानकारी दिए । क्लबका संस्थापक अध्यक्ष युवराज पौडेल, सिद्धबराह तपोवन सन्यास आश्रम समितिका कार्यवाहक अध्यक्ष सुर्य भण्डारी, गण्डकी होम स्टेका अध्यक्ष हरिलाल पौडेललगाएत क्लबकार्यसमितिको उपस्थितिमा करिब ६० बिरुवा वृक्षरोपण गरिएको कार्यक्रम संयोजक भरतमणि पराजुलीले जानकारी दिए । कार्यक्रमका प्रमुख अतिथि तिमिल्सिनाले क्लबका अध्यक्ष सुवेदीलाई पिपलको विरुवा दिएर वृक्षरोपण कार्यक्रमको शुभारम्भ भएको थियो । कार्यक्रमको सञ्चालन क्लबकी सचिव विन्दु शर्मा सुवेदीले गरेकी थिइन् ।


## खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

**(नेपाल सरकारको पूर्ण स्वामित्वमा कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित )**

**गण्डकी प्रादेशिक कार्यालय पोखरा**

**पृथ्वीचोक स्थित साविक ने. ट्रे. लि. को कार्यालय प्रमुख निवास भाडामा लगाउने सम्बन्धी १५ दिने सूचना**

**प्रकाशित मितिः २०७९।०५।२०**

**कास्की जिल्ला पो.म.न.पा. ९, पृथ्वीचोक स्थित यस कार्यालय मातहतमा रहेको साविक नेशनल ट्रेडिङको कम्पाउण्ड परिसर भित्र रहेको कार्यालय प्रमुख निवास भाडामा दिन सूचना प्रकाशन गर्ने भनि प्रधान कार्यालयको सम्पत्ति व्यवस्थापन तथा पूर्वाधार विकास विभागको मिति २०७९।०५।१९ गतेको निर्देशन अनुसार न्युनतम मासिक भाडादर रु. ३३,०००।– (अक्षरुपी रु. तेत्तिस हजार मात्र) भन्दा कम नहुने गरि ५ (पाँच) वर्षको लागि प्रचलित कानुनले बन्देज नगरिएको व्यापार व्यवसाय संचालन गर्नको लागि भाडामा लिन चाहने ईच्छुक नेपाली नागरिक, संघ संस्था, फर्म वा व्यक्तिहरुले गोप्य शिलबन्दी दरभाउ (कोटेशन) पेश गर्न हुन यो १५ दिने सूचना प्रकाशन गरिएको छ । यस सम्बन्धमा अन्य कुनै जानकारी लिन कार्यालय समयभित्र सम्पर्क गर्न सकिने व्यहोरा समेत सूचित गरिन्छ ।**

**खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड**
**गण्डकी प्रादेशिक कार्यालय, पोखरा**
**फोन: ०६१-४५५२५९, ९८५६०८६७६७**

# पोखराका दुई स्थानमा एक महिने मगर भाषा तथा लिपि लेखन प्रशिक्षण सुरु

पोखरापत्र संवाददाता
पोखरा, १९ भदौं

कास्कीको पोखरा महानगरपालिकाका दुई स्थानमा शनिबार एकै दिन एक महिने मगर भाषा तथा लिपि लेखन प्रशिक्षण सुरु भएको छ।

गण्डकी प्रज्ञा-प्रतिष्ठानको आयोजनामा नेपाल राष्ट्रिय मगर संघ, गण्डकी प्रदेशसँगको सहकार्यमा पोखरा-१४, शुभकामनाटोल र धौलागिरिमार्गमा एकैसाथ एक महिने मगर भाषा तथा लिपि लेखन प्रशिक्षण सुरु गरिएको हो । शुभकामनाटोलमा नेपाल मगर संघ, छिनेडाँडा एकाइ समितिको व्यवस्थापन तथा धौलागिरिमार्गमा बागलुङ-पोखरा मगर समाजको व्यवस्थापनमा सो प्रशिक्षण सुरु गरिएको हो । शुभकामना टोलमा सुरु भएको मगर भाषा प्रशिक्षणको उद्घाटन गर्दै गण्डकी प्रदेश सरकारका शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री मेखलाल श्रेष्ठले मगर जाति इमान्दारिताको पर्याय भएको बताउनुभयो । एक महिनाको अवधिमा दिलो ज्यान दिएर भाषा सिक्न आग्रह गर्दै मन्त्री श्रेष्ठले मगर समुदायले आफ्नो मातृभाषा जोगाउन विशेष ध्यान दिनुपर्ने बताउनुभयो । त्यस्तै, धौलागिरिमार्गमा भएको



प्रशिक्षणको उद्घाटन गर्दै मन्त्री श्रेष्ठले स्थानीय तहमा पाठ्यक्रम बनाएर मातृभाषाको शिक्षा लागू गर्न सकिने बताउनुभयो। स्थानीय तहलाई पाठ्यक्रम बनाएर शिक्षामा समावेश गर्दा मातृभाषा संरक्षणमा महत्वपूर्ण टेवा पुग्ने बताउँदै उहाँले भाषा जोगाउन नयाँ पुस्तालाई मातृभाषा सिकाउनु आवश्यक भएको बताउनुभयो । गण्डकी प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठले प्रतिष्ठानले स्थापित जाति, विस्थापित भाषा नाराका साथ मातृभाषा संरक्षण अभियान थालेको बताउनुभयो । प्रशिक्षार्थीहरूलाई इमान्दारिता र चासोका साथ भाषा सिक्न आग्रह गर्दै श्रेष्ठले आफ्ना सन्तानलाई भाषा र संस्कार सिकाउनु जरुरी रहेको बताउनुभयो । त्यसैगरी, प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य एवं मातृभाषा विभाग प्रमुख कृष्णप्रसाद पौडेलले आफ्नो मातृभाषा लोप हुँदै गएकोप्रति चिन्ता व्यक्त गर्नु खुशीको कुरा भएको भन्दै गण्डकी प्रदेशभित्र बोलिने मातृभाषाको संरक्षणका लागि के कस्ता कार्यक्रम सञ्चालन गर्न सकिन्छ भन्ने कुरामा प्रतिष्ठान चिन्तनशील रहेको बताउनुभयो । नेपाल राष्ट्रिय मगर संघ, गण्डकी प्रदेशका सभापति पदमबहादुर पुनमगरले मगर भाषालाई नयाँ पुस्तामा हस्तान्तरण नगरे इतिहास बन्न सक्ने चिन्ता रहेको भन्दै मगर भाषा जोगाउन अभियान सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । साथै, उहाँले आवश्यकता अनुसार मगर भाषा कक्षा सञ्चालनलाई विस्तार गर्दै लैजाने बताउनुभयो। शुभकामना टोलमा नेपाल मगर संघ, छिनेडाँडा इकाईका निवर्तमान अध्यक्ष ज्योतिराम थापामगरको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा महानगरपालिका वडा नं. १४ का वडाध्यक्ष बोधराज कार्की, नेपाल राष्ट्रिय मगर संघकी केन्द्रीय सदस्य रीता रानामगर, मगर भाषा प्रशिक्षक रूद्रबहादुर श्रीसमगर, नेपाल राष्ट्रिय मगर संघ, कास्कीका सभापति महावीर थापामगर, नेपाल मगर संघ, छिनेडाँडा इकाईका सल्लाहकार एवं नेपाल मगर भूसाल संघका केन्द्रीय उपाध्यक्ष ज्यो. यामबहादुर थापामगर, सल्लाहकार एवं नेपाल मगर संघ, पोखरा महानगर समितिका अध्यक्ष बलवीर रानामगर, इकाई अध्यक्ष सु. दलबहादुर थापामगर, समाजसेवी कोपिला श्रीसमगरले बोल्नुभएको थियो । त्यसैगरी, धौलागिरि मार्गमा बागलुङ-पोखरा मगर समाजका अध्यक्ष गजेन्द्र थापामगरको अध्यक्षतामा भएको कार्यक्रममा मगर भाषा प्रतिष्ठान, कास्की शाखाका अध्यक्ष रूद्रबहादुर हितानमगर, जैमिनी नगरपालिका वडा नं. १०, बागलुङका निवर्तमान वडाध्यक्ष नरबहादुर थापामगर, समाजका सल्लाहकार भीमबहादुर श्रीसमगर, भाषा प्रशिक्षक रूद्रबहादुर श्रीसमगर, समाजकी कोषाध्यक्ष कृष्णा पुनमगरले मगर भाषा प्रशिक्षणको आवश्यकता र महत्वबारे बोल्नुभएको थियो।

# भुर्जुङखोलामा 'माछापुच्छ्रे गाउँपालिका अध्यक्ष कप' भलिबल प्रतियोगिता हुने

पोखरापत्र संवाददाता
पोखरा, १९ भदौं

कास्कीको माछापुच्छ्रे गाउँपालिका तत्वाधन र भलिबल संघले संविधान दिवसको अवसरमा 'गण्डकी प्रदेश अन्तर गाउँपालिकास्तरीय भलिबल प्रतियोगिता (माछापुच्छ्रे गाउँपालिका अध्यक्ष कप) आयोजना गर्ने भएको छ।

पोखरामा आइतबार पत्रकार सम्मेलनको आयोजना गर्दै आगामी ३० गतेदेखि असोज १ गतेसम्म 'स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद' भन्ने नारासहित प्रतियोगिता आयोजना गरिने जानकारी दिइएको हो । माछापुच्छ्रे गाउँपालिका भलिबल संघका अध्यक्ष राम पुनले गण्डकी प्रदेशमै पहिलोपटक अन्तर गाउँपालिकास्तरीय भलिबल प्रतियोगिता आयोजना गर्न लागेको बताए । उनले सो प्रतियोगिताका लागि गण्डकी प्रदशको ८५ स्थानीय तहलाई पत्राचार गरिसेको बताए । 'हामीले यस प्रदेशको सबै स्थानीय निकायलाई आधिकारिक रुपमा मेल गरिसकेका छौं, उनले भने, ' तयारी तिब्र भइरहेको छ । हाम्रो



मुख्य लक्ष्य भनेको युवाहरुलाई एक सुत्रमा बाँध्ने र आपसी सद्भाव कायम गराउने हो। त्यसैले हाम्रो प्रतियोगिताले महत्वपूर्ण भुमिका खेल्नेछ ।' उनका अनुसार सो प्रतियोगिताको विजेता टोलीले शिल्ड, मेडल तथा प्रमाणपत्रसहित नगद रु २ लाख प्राप्त गर्नेछ। यसैगरि उपविजेताले विजेता टोलीले शिल्ड, मेडल तथा प्रमाणपत्रसहित नगद रु १ लाख २० हजार हात पर्नेछ । सो प्रतियोगिताबाट अन्तिम दुई सेमीफाइनलमा प्रवेश गरेका दुई टिमलाई समेत सान्त्वना पुरस्कार स्वरुप शिल्ड, मेडल तथा प्रमाणपत्रसहति नगद रु ३०/३० प्रदान गरिने अध्यक्ष पुनले बताए। उनका अनुसार सो प्रतियोगिताबाट एक जनालाई सर्वोत्कृष्ट खेलाडीका रुपमा पुरस्कृत गरिनेछ भने अन्य ६ वटा विधामासमेत जनही ७ हजारको दरले उत्कृष्ट पुरस्कारको व्यवस्था गरिएको छ।

सो प्रतियोगितामा सहभागिता जनाउनका लागि टिम दर्ता शुल्क नगद रु ५ हजार निर्धारण गरिएको सचिव मोहनसिंह तामाङले बताए। उनले प्रतियोगिता अवधिभर हाँस्यव्यङ्ग्य प्रहशन तथा मनोरञ्जनात्मक साँस्कृतिक कार्यक्रम समावेश गरिएको बताए। माछापुच्छ्रे गाउँपालिकाले सहयोगमा सम्पन्न हुने सो प्रतियोगिता माछापुच्छ्रे गाउँपालिका वडा २ भुर्जुङखोलामा सञ्चालन हुनेछ। भने सो मेलालाई २० हजार दर्शकले अवलोकन गर्ने आयोजकले जनाएको छ।

# वालिङ उद्योग वाणिज्य संघको अधिवेशन अन्योलमा

पोखरापत्र संवाददाता
वालिङ, १९ भदौं

वालिङस्थित व्यापारीको संस्था वालिङ उद्योग वाणिज्य सङ्घको अधिवेशन अन्तिम दिनमा आएर स्थगित भएको छ।

सङ्घको १६औं साधारणसभा तथा आठौं अधिवेशन शनिबारका लागि तोकिए पनि केही घण्टा अगाडि मात्रै पहिलाको सहमति कार्यान्वयन नहुँदा स्थगित भएको हो। यसअघि पनि सङ्घको १५औं साधारणसभा तथा सातौं अधिवेशन समयमा नभएपछि तत्कालीन अन्योल हटाउन र अधिवेशन गर्नका लागि वालिङ नगरपालिकाले समन्वय गरी गोलाप्रथाबाट २०७५ असार १ गते नयाँ कार्यसमिति चयन गरेको थियो। नगरपालिकाको उपस्थितिमा सङ्घका सल्लाहकार तथा विभिन्न राजनीतिक दलसहितको २०७५ जेठ १५ गतेको छलफलबाट नेपाली कांग्रेस र नेकपा (एमाले) निकट देखिएका व्यवसायीको समूहलाई सहमतिमा पद बाँडफाँट गर्ने, सहमति नभए गोलाप्रथाबाट नेतृत्व छनोट गर्ने निर्णय भएको थियो । तत्कालीन समयमा भएको निर्णयअनुसार एक पक्षले अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र चार सदस्य तथा अर्को पक्षले वरिष्ठ उपाध्यक्ष, महासचिव, सचिव, सहकोषाध्यक्ष र पाँच सदस्य बनाउने रहेको थियो। पदको बाँडफाँटमा सहमति भई गोलाप्रथा गर्दा एमाले निकटका व्यवसायीको समूह अध्यक्ष र नेपाली कांग्रेस निकटका व्यवसायी वरिष्ठ उपाध्यक्षसहितका पदमा छनोट भएका थिए । सोही बैठकले स्याङ्जा जिल्लाभर रहेका कार्यक्षेत्रलाई संशोधन गरी वालिङ नगरपालिकाभित्र बनाउने र वरिष्ठ उपाध्यक्ष आगामी कार्यकालमा स्वतः अध्यक्ष हुने व्यवस्था गर्ने लिखित सहमति भएको सङ्घका वरिष्ठ उपाध्यक्ष अर्जुनप्रसाद खनालले बताउनुभयो।

दुई पक्षबीच तत्कालीन समयमा सहमति गरी १५औं साधारणसभा तथा सातौं अधिवेशन गरेर अन्योल हटाइएको तर अहिले सोही सहमति कार्यान्वयन नगरेपछि अधिवेशन स्थगित गर्नका लागि नगरपालिकाको न्यायिक समितिमा उजुरी गरेको उहाँले बताउनुभयो। वालिङ नगरपालिकाको न्यायिक समितिले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार विवाद समाधान नहुँदासम्म तत्काल अधिवेशन नगर्न पत्राचार गरेसँगै स्थगित भएको हो । "तत्कालीन समयमा पनि समयमै अधिवेशन गर्न नसकेपछि अन्योलमा रहेको सङ्घलाई निकास दिनका लागि जुन सहमति भयो सोही सहमतिको कार्यान्वयन हुनुपर्छ भन्ने हाम्रो माग हो", उहाँले भन्नुभयो, "तत्कालको अन्योल हटाउनका लागि सहमति गर्ने तर गरिएको सहमतिबाट पछाडि हटेर कार्यान्वयनमा आनाकानी गरिएपछि बाध्य भएर अधिवेशन रोक्न न्यायिक समितिमा उजुरी गरेका हौं ।" यसअघि भएको सहमतिलाई कार्यान्वयन नगर्दासम्म अधिवेशन हुन नसक्ने अडान उहाँको छ। यसअघि गरिएका सहमतिलाई मध्यनजर गर्दै अधिवेशनका लागि सात सदस्यीय निर्वाचन समिति बनेको थियो । उक्त समितिले काम गर्ने गरी सहमति भए पनि अन्तिम समयमा आएर अधिवेशन स्थगित गर्नुपरेको सङ्घका अध्यक्ष शोभाकान्त पौडेलले बताउनुभयो।

# पोखरा आदर्श मा. वि. मा नवआवगन्तुक विद्यार्थीलाई स्वागत

पोखरापत्र संवाददाता
पोखरा, १९ भदौं

पोखरा आदर्श माध्यमिक विद्यालय बगर- १, पोखरामा कक्षा ११ मा अध्ययनरत नवआगन्तुक विद्यार्थी भाइबहिनीहरुलाई स्वागत कार्यक्रम शनिबार सम्पन्न भयो।

गण्डकी प्रदेशका पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मणिभद्र शर्मा कँडेलको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा कक्षा १२ का कृतन पोखरेलको समूहले स्वागत गीत प्रस्तुत गरेका थिए भने पोखरा आदर्श माध्यमिक विद्यालयका विद्यार्थीहरुले स्वागत नृत्य प्रस्तुत गरेका थिए । कार्यक्रममा उपस्थित सम्पुर्ण विद्यार्थी तथा महानुभावहरुलाई कक्षा १२ का बिज्ञान र ब्यस्थापन संकायका रोशन लामिछाने, बिभिसा छन्त्याल, क्षितिज सिंह, निकोन तामाङ लगायतका विद्यार्थी ले विद्यार्थीहरुले विभिन्न भाषामा स्वागत मन्तव्य राखेका थिए। उक्त कार्यक्रममा गुरुङ सिनेमाका महानायक श्री ताराबहादुर गुरुङले बिशेष नृत्य प्रस्तुत गरेका थिए। यसै अवसरमा उहाँको उत्कृष्ट कलाको सम्मान स्वरुप दोसल्ला र



प्रमाणपत्रबाट सम्मान गरिएको थियो भने कार्यक्रममा उत्कृष्ट खेलाडीका रूपमा सफल हुने निशान परियार -कक्षा ११, कुमाली खड्का कक्षा -११ र सृष्टि क्षेत्री कक्षा १२ का विद्यार्थीहरुलाई सम्मान गरिएको थियो । कार्यक्रममा लोक तथा दोहोरी कलाकारद्वय कृष्ण सुवेदी र ज्योती लोहनीले प्रत्यक्ष दोहोरी गाएर भरपुर मनोरञ्जन प्रदान गरेका थिए। नव आगन्तुक विद्यार्थी मध्य बाट अनुश्का बर्देवाले बिद्यालय एबम कक्षा १२ का विद्यार्थी लाई धन्यवाद व्यक्त गरेकी थिइन भने अलिना बिक एबम अन्य विद्यार्थीले कबिता गजल बाचन गरेका थिए। कार्यक्रममा कक्षा १२ का विद्यार्थीहरुका विभिन्न गीत, नृत्य , कविता लगायतको प्रस्तुति रहेको थियो । कार्यक्रममा पोखरा मा. बि का प्राचार्य श्री नारायण न्यौपाने, पोखरा आदर्श माध्यमिक विद्यालयका प्राचार्य श्री फडिन्द्र प्रसाद अधिकारी, विद्यालयका संचालक एवम् युवा स्वरोजगार कोषका कार्यकारी निर्देशक श्री विश्वमोहन अधिकारीले मन्तव्य राखेका थिए। विद्यालय ब्यस्थापन समितिका अध्यक्ष एवम् संचालक समितिका अध्यक्ष श्री कमलराज सापकोटाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको संचालन पोखरा आदर्श मा वि का सह-प्राचार्य श्री ज्ञानेश्वर सुबेदी र विद्यार्थी जस्मिन नेपाली र पुनम तामाङ ले गरेका थिए।


## नव सिद्धार्थ महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पोखरा, कास्की
फोन नं.: ०६१–५३८७२५

## २०औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस नव सिद्धार्थ महिला बचत तथा ऋण सहकारी संस्था लि. को संचालक समितिको २०७९/०४/२२ मा बसेको बैठकको निर्णयानुसार यस सहकारी संस्थाको २० औं वार्षिक साधारण सभा निम्न विषयहरुमा छलफल गरी निर्णय गर्नको लागि निम्न मिति, समय र स्थानमा हुने भएको हुँदा यसै सूचनालाई आधारमानी उक्त कार्यक्रममा यहाँहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं।

**कार्यक्रम:**
मिति : २०७९ भाद्र २४ गते शुक्रवार
समय : बिहान ७:३० बजे
स्थान : पोखरा पार्टी प्यालेस, पोखरा–९ बास्तोलाथर

**छलफलका विषयहरु :**
१) संचालक समितिको तर्फबाट, अध्यक्षद्धारा वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत तथा पारित गर्ने सम्बन्धमा।
२) लेखा सुपरिवेक्षण समितिको तर्फबाट संयोजकको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने सम्बन्धमा।
३) आ.व.२०७८/०७९ को लेखा परीक्षकको प्रतिवेदन प्रस्तुत तथा पारित गर्ने सम्बन्धमा।
४) आ.व. २०७९/०८० को वार्षिक नीति, योजना तथा कार्यक्रम प्रस्तुत तथा पारित गर्ने।
५) आ.व.२०७९/०८० को बजेट प्रस्तुत गरि पारित गर्ने सम्बन्धमा।
६) आ.व. २०७९/०८० को लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
७) पुर्नलेखन गरिएको विनियम पारित गर्ने सम्वन्धमा।
८) आन्तरिक कार्यविधिहरु पारित गर्ने सम्बन्धमा।
८) शेयर लाभंश र संरक्षित पुँजि फिर्ता कोष वितरण सम्वन्धमा।
९) साधारण सभाको निर्णय पुस्तिकामा दस्तखत गरी प्रमाणित गर्ने प्रतिनिधि चयन सम्वन्धमा।
नोट: साधारण सभामा विशेष प्रस्ताव राख्नुपर्ने भएमा भाद्र २२ गते कार्यालय समयभित्र लिखित रुपमा पेश गर्नुपर्ने छ।

कुस्मा राणा
सचिव



## प्रदेश सरकार
## शिक्षा संस्कृति विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय
## प्रदेश संग्रहालय
गण्डकी प्रदेश पोखरा, नेपाल

## सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०५/२०**

यस कार्यालयको आ.व. २०७९/०८० मा तपशिल वमोजिमको निर्माण कार्यको लागि सिलवन्दी दरभाउपत्र आह्वान गर्नुपर्ने भएकाले सो सम्वन्धी निर्माण कार्यको प्रथम पटक प्रकाशित भएको मितिले २०७९/०६/०५ दिनको १२ वजेभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट online Bidding गर्न सम्बधित सबैलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।
नोट : संग्रहालय प्रत्येक मंगलबार बन्द र शनिबार खुल्ला रहनेछ।

**तपशिल**

| SN | Contract No. | Descripition Of Work | Bid Security | Cost Of Bidding Document | Estimated Amount(without VAT And Cont) | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | PM/KASKI /W/Q/01/ 79/80 | CONSTRUCTION OF TILES WORKS IN SECOND AND FOURTH GALLERY | 34000/ | 1000/ | 1143701.06/ | SQ |